जहाँ छ मेरो जन्मभूमि,त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए,हुर्किएँ यस्तो पावन पवित्र पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥– कवि पर्वेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ९ • अंक ३२३ • २०७९ भाद्र २७ गते सोमबार • 12 Sept. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## धार्मिक आस्थाको केन्द्र रहेको सोनामाई मन्दिरलाई पुर्वाधार विकासको आवश्यकता

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ भाद्र



धार्मिक आस्थाको केन्द्र रहेको महोत्तरीको औरही नगरपालिका वडा नम्बर - ७ भोईल स्थित र हेको सोनामाई मन्दिर पुर्वाधार विकासको अभावमा अव्यवस्थित बनेको छ । दसैंको षष्ठीदेखि विजयादशमीको दस दिनसम्म सोनामाई मन्दिरमा लाग्ने भूतमेलाबाट प्रसिद्धि प्राप्त हुने जनविश्वासको कारण त्यसबेला हजारौं दर्शनार्थीको भीड लाग्ने गर्छ । भूतप्रेत, बोक्साबोक्सी र दुष्ट आत्माले सताइएका हजारौँ पीडित प्रत्येक वर्ष सो मेलामा आउँछन् । सोनामाईको कृपाले यहाँबाट मानिसहरु निको भएर जाने गरेको जनविश्वास छ । तर यस वर्ष सोनामाई मन्दिरमा भूत मेला लाग्न १५ दिनमा बाँकी हुदाँ पनि नगरपालिका, प्रदेश र संघिय सरकारले कुनै चासो न देखाएको मन्दिरका पुजारी परिवारका सदस्य चन्द्र हासन झाले बताए। भूत मेलाको रुपमा प्रख्यात सोनामाई मन्दिरमा हरेक वर्षमा लाग्ने १० दिने मेलामा सयौँ पशुहरुको बली पनि दिने गरिन्छ। तर दैनिक हजारौँ दर्शनार्थीहरुको भीड लाग्ने मन्दिरमा दर्शनार्थीहरुका लागि बसोबास गर्न लाई बनाएको दुई कोठे धर्मशाला भए पनि एउटामा आधारभूत स्वास्थ सेवा केन्द्र राखिएको छ भने अर्के एक कोठामा ताला मारेको रहेका छन् ।गएराती शनिवार भारतबाट केहि दुःख कस्ट परेर आएका तिर्थालुहरुले कठिनाईको सामना गर्नु परेको गुनासो व्यक्त गर्दै थिए। उनिहरुले प्रसिद्ध मन्दिर भएपनि यहा रात्रीकालिन बसोबास गर्न ठाउँ न पाए पछि हामी राति मन्दिरमा बास बस्न बाध्य भएको बताए। यहाँ खोनेपानीको ब्यबस्था भएपनि चापकल संचालनमा छैन , शौचालय भएपनि ताला लगाएका कारण बाहिरबाट आएका दर्शनार्थीहरु बाहिर खुलामा जानु पर्ने बाध्यता छ । यस वर्ष सोनामाई मन्दिरमा भूत मेला असोज १० गते देखि लाग्ने भएपनि मन्दिर परिसरमा रहेका बिग्रेका लाईटहरु मर्मत सम्भार गरिएको छैन। धार्मिक कार्य स्थल र सञ्चार लगायतका अत्यावश्यक सुविधाहरुको पनि व्यवस्था हुन नसक्दा मन्दिर अव्यवस्थित भएको स्थानीय नबिन चौधरीले बताए। वर्षौंदेखि भूत, पिशाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवनमृत्युको दोसाँधमा परेकाहरु सोनामाईको सीमाक्षेत्रमा आउने बित्तिकै आफू कसबाट सताइएको भन्नेबारे लड्दैपड्दै, रुँदैहाँस्दै आफैं बक्न थाल्दै देवी दरबारसम्म पुग्ने र माताको दृष्टि परेपछि निको भई आआफ्ना घर फर्कने गरेको पुजारी चन्द्र हासन झाले बताए । मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहट लगायत नेपालका मकवानपुर, सुनसरी, मोरङ र काठमाडौं लगायत छिमेकी रास्ट्र भारतको सीतामढी, मधुवनी र पटना सहित भित्री शहर सम्मका हजारौं पीडित महिला र पुरुष पुग्ने गर्छन् । त्यतिबेला सोनामाई शक्तिपीठमा थुपै धामीझाँक्री रातदिन भजनकीर्तन र भूत भगाउने काममा तल्लीन र हन्छन् ।

## समानुपातिक तर्फको निर्वाचन कार्यतालिका सार्वजनिक, असोज २ र ३ गते बन्दसूची बुझाउनुपर्ने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ भाद्र



निर्वाचन आयोगले समानुपातिकतर्फको बन्दी सूची बुझाउने समय असोज २ र ३ गतेलाई दिएको छ । आइतबार निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फको निर्वाचन कार्यतालिका सार्वजनिक गरेको हो । आयोगका अनुसार असोज २ देखि ३ गतेसम्म दलहरुले उम्मेदवारको बन्द सूची आयोगमा पेश गर्नुपर्नेछ। उक्त बन्द सूचीमाथि आयोगले असोज ४ देखि ९ गतेसम्म छानबिन गर्ने र कानुन अनुसार नभएमा सच्याउन दलहरूलाई सूचित गर्ने छ। यस्तै दलहरुले बन्द सूची सच्याएर असोज १० देखि १६ गतेसम्म पेश गर्नुपर्ने आयोगका समानुपातिक प्रवक्ता गुरु प्रसाद वाग्लेले बताए ।

## सप्तरी-२ बाट उपेन्द्र यादवको एकल नाम सिफारिस

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ भाद्र



जनता समाजवादी पार्टी नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव सप्तरी क्षेत्र नं. २ बाट सिफारिस भएका हुन् ।

उक्त पार्टीले सप्तरी-२ बाट प्रतिनिधिसभा सदस्यका लागि जसपाका अध्यक्ष उपेन्द्र यादवको एकल नाम सिफारिस गरेको छ। यस्तै प्रदेशसभा तर्फ २ (क) का लागि प्रदेशसभा सदस्यको उम्मेदवारमा शैलेन्द्र साह, अमर नाथ मण्डल र नेत्रविक्रम साहको नाम सिफारिस गरेको छ। शैलेन्द्र साह अघिल्लो चुनावमा त्यहीबाट प्रदेशसभा सदस्यमा जितेका थिए ।

त्यस्तै सप्तरी-२ (ख) का लागि प्रदेशसभा सदस्यको उम्मेदवारमा मनिष सुमन, दिनेश यादव, युसुफ अलि, किरण यादवको नाम सिफारिस गरिएको छ। मनिष सुमन यसअघिको चुनावमा सोही क्षेत्रबाट प्रदेशसभा सदस्यमा चुनाव जितेका हुन् । जसपा अध्यक्ष यादवको नाम सप्तरी-२ सहित अन्य आठ ठाउँबाट पनि नाम सिफारिस भएका छन् । उनी सप्तरी-२ बाट नैं चुनाव लड्ने तयारीमा लागेका छन् । उनी यसअघि सप्तरी-२ बाट नै चुनाव जितेका हुन् ।

## डेंगुबाट बच्ने उपायहरुको अबलम्बन गरौं

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

स्वास्थ्य कार्यालय,जलेश्वर,महोत्तरी

## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला,हैजा,टाइफाइड,आउ,जण्डिस जस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले :

- खोला,धारा,मुलको पानी सिधै प्रयोग नगरौ ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं,सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जलेश्वर टुडे
Jaleshwor Today Daily



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

# सम्पादकीय ...

## डेंगुबाट बच्न औषधी व्यवस्थापन गर

काठमाडौं लगायत मुख्य सहरी क्षेत्रमा अहिले डेंगुको संक्रमण तीव्र रुपमा बढ्दो छ । काठमाडौंका धेरैजसो अस्पताल डेंगुको बिरामीले भरिन थालेका छन् । डेंगु विरुद्धको खास उपचार र औषधि नभएकाले लक्षण अनुरुप औषधि दिइने गरिएको छ। खासगरी डेंगुको संक्रमणमा उच्च ज्वरो आउने भएकाले पारासिटामोल खान दिइन्छ। अहिले डेंगुको संक्रमण बढेसँगै बजारमा पारासिटामोलको माग उच्च छ। यद्यपि धेरैजसो ठाउँमा पारासिटामोलको अभाव हुन थालेको देखिन्छ । कतिपयले भने सिटामोलको कृत्रिम अभाव गराइएको गुनासो गरेका छन् । उनीहरुका अनुसार जतिबेला महा मारी बढ्छ, त्यसबेला व्यवसायीले सिटामोलको अभाव गराउँछन्। सिटामोल अत्यावश्यक औषधिमा सूचीकृत छ। यसैगरी सरकारले स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गर्ने औषधिको सूचीमा दोस्रो नम्बरमा छ। केही वर्षअघि सरकारले सिटामोलको प्रति ट्याब्लेट एक रुपैयाँ भन्दा बढी लिन नपाउने भनेर तोकेको थियो । तर औषधि उत्पादक संघले एक रुपैयाँ एमआरपी भएको सिटामोल बनाउँदा घाटा हुने भन्दै उत्पादन नगरेकाले बजारमा अभाव भएको हुनसक्ने वितरकको दाबी छ। सिटामोलको मूल्य समायोजन हुनुपर्ने भन्दै पटक-पटक औषधि उत्पादक र व्यवसायीले माग गर्दै आएका छन् । प्रत्येक घरमा अनिवार्य जस्तै भइसकेको सिटामोलको मूल्य समायोजन गरेर उत्पादन क्षमता बढाउनुपर्ने आवश्यकता रहेको छ । भारतबाट पनि सस्तो भएकै कारण आयात हुन छाडेको छ। 'केही ठूला कम्पनी र पुरानो कम्पनी सामुदायिक उत्तर दायित्वको हिसाबले बनाइरहेको हुँदा माग अनुसार को उत्पादन नभएको हो,' । औषधि सस्तो र कच्चा पदार्थ महंगो हुँदा यसको उत्पादन धेरै कम्पनीले गर्न छाडेका छन् ।'यसको व्यवस्थापनको लागि नेपाल सरकारले समयमै ध्यान दिन र व्यवस्थापन गर्न जरुरी छ ।


# रामगोपालपुर नगरपालिकाको अपिल




रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी


### तपाईको टुडे

मेष: चिन्ता बढ्ने
वृष: मिष्ठान्न भोजनको योग
मिथून: खुशि प्राप्ति
कर्कट: सहयोग प्राप्ति
सिंह: कान्ति क्षय
कन्या: शत्रुता बढ्ने
तुला: लाभ प्राप्ति
वृश्चिक: भाग्य उदय
धनु: ईर्ष्या बढ्ने
मकर: स्वास्थ्य लाभ
कूम्भ: अध्ययनमा रुचि बढ्ने
मीन: भ्रमणको योग

### मधेस प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| घरआँगन नेपाल जलेश्वर एम्बुलेन्स – | ९८४४३२७१००/९८१०३७८७६५ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नेपाल टी-ट्वान्टी लिगमा वेस्ट इन्डिजका कार्लोस ब्रेथवेटले फारवेस्ट युनाइटेडबाट खेल्ने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ भाद्र



नेपाल टी-ट्वान्टी लिगमा वेस्ट इन्डिजका कार्लोस ब्रेथवेटले फारवेस्ट युनाइटेडबाट खेल्ने भएका छन् । नेपाल टी-ट्वान्टी लिगको अन्तिम ड्राफ्टबाट ब्रेथवेटले फारवेस्ट युनाइटेडबाट खेल्ने पक्का भएको हो । काठमाडौं गोर्खाजबाट थिसारा परेरा, दर्शनप्रिया एस वीराक्कोडी, कामिन्दु मेन्डिस, विरनदीप सिंह र धनन्जय डिसिल्वा खेल्ने भएका हुन् । यता पोखरा एभेन्र्जसबाट मोहम्मद हफिज, खोजुगे प्रसन्ना, निरोशन डिकवेला, सलमान इर शाद र शेहान मधुशंका खेल्ने भएका छन् । विराटनगरबाट आन्द्रे एमसी केर्थि, एन्जेलो म्याथ्यूज, जोशुआ मनाउ, गौरांशु शर्मा, मिनोद रणसिंघे र केओन जोसेफ छन् । लुम्बिनी अल स्टार्समा बेन कटिङ, राखिम कर्नवाल, प्याट ब्राउन, विपुल शर्मा, लाहिरु मिलन्था र नुवान तुषारा छन् । जनकपुर रोयल्समा एडम लिथ, ट्रेभोन ग्रिफ्त, इब्राहिम जाद्रान, राज रकी नन्दन र सुभाषसिङ्हे प्रियंजन छन् । यता फारवेस्ट युनाइटेडमा कार्लोस ब्राथवेट, दुषण हेमन्थ, पुलिना थर ङ्गा, जेसन मोहम्मद, अल्लाह गजन्फर र जिया उल रहमान छन् ।

# ‘ब्रह्मास्त्र’ले दुई दिनमै कमायो १६० करोड भारु

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ भाद्र



रणवीर कपुर र आलिया भट्टको प्रमुख अभिनय रहेको हिन्दी फिल्म ‘ब्रह्मास्त्र’ले बक्स अफिसमा पहिलो दिनदेखि नै कमाइको हिसाबले कीर्तिमान बनाएको छ । शुक्रवार प्रदर्शनमा आएको फिल्मले पहिलो दिन विश्वभर ७५ करोड भारु कमाएको फिल्मका निर्माता करण जोहरले बताए । दोस्रो दिन अर्थात शनिबार फिल्मको व्यापार पहिलो दिनभन्दा बढी अर्थात ८५ करोड भारुको गरेको बताइएको छ । योसँगै फिल्मले दुई दिनमै १६० करोड कमाई गरेको छ भने फिल्म कोरोना महामारी शुरु भएपछि पहिलो दिनमा सबैभन्दा धेरै कमाई गर्ने हिन्दी फिल्म पनि बनेको छ । अयान मुखर्जीको निर्देशनमा बनेको ब्रह्मास्त्रको बजेट ४१० करोड भारु छ । यस फिल्मले प्रदर्शनको पहिलो दिन भारतभित्र ३६ करोड भारु र विदेशमा ३९ करोड भारु कमाउन सफल भयो । दोस्रो दिन देशभित्र र बाहिर पहिलो दिनभन्दा बढि कमाई भएको फिल्म युनिटले बताएको छ । दोस्रो दिन फिल्मले भारतभित्र ४२ करोड भारु र विदेशमा ४३ करोड भारु कमाएको बताइएको छ । फिल्मको व्यापारमा निगरानी गर्ने विश्लेषकले यस फिल्मले पहिलो साताको अन्त्यसम्म २५० करोडको आँकडा छुनेछ । फिल्ममा रणवीर कपुर र आलिया भाटका अतिरिक्त तेलुगु फिल्मका स्टार नागार्जुन, अमिताभ बच्चन, मौनी रोयको महत्वपूर्ण भूमिका छ । फिल्ममा शाहरुख खानको महत्वपूर्ण क्यामियो भूमिका रहेको बताइएको छ । सेप्टेम्बर ९ बाट प्रदर्शनमा आएको ब्रम्हास्त्र पहिलो दिन भार तका ५,०१९ स्क्रिन र विदेशका ३,८९४ स्क्रिन गरेर कुल ८९१३ स्क्रिनमा प्रदर्शन गरिएको थियो ।

# अध्यक्ष र व्यवस्थापकलाई देखाएर सहकारीका सञ्चालकहरु जिम्मेवारीबाट पन्छिन मिल्दैन : विभाग

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ भाद्र




सहकारी विभागले सहकरी संस्था समस्यामा पर्दा पदीय हैसियतबाट पन्छिन खोज्ने सहकरी सञ्चालक र लेखा सुपरिवेक्षण समितिलाई सचेत गराएको छ । आइतबार विभागले सहकारी संस्थाहरुको नाममा एक निर्देशन जारी गर्दै सञ्चालक र सुपरिवेक्षण समिति अध्यक्ष वा व्यवस्थापक वा अमुक व्यक्तिलाई जिम्मेवारी पन्छाएर आफू अलग र हुन नपाउने भन्दै सचेत गराएको हो । ‘सहकारी संघसंस्था सदस्यहरुको लोकतान्त्रिक प्रणालीबाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति छनोट भई नियमित र निरन्तर रुपमा सञ्चालन हुने संस्था हो,’ विभागले जारी गरेको निर्देशनमा भनिएको छ, ‘संस्था राम्रैसँग सञ्चालन हुँदा संस्थागत संलग्नताको पदीय हैसियत सहित आफूलाई परिचय गराउने तर संस्थामा केही समस्या देखिनासाथ सञ्चालक समितिमा त्यत्तिकै राखिदिएछन्, सञ्चालक समितिको सदस्य भएपनि मलाई केही थाहा छैन, सबै अध्यक्ष र व्यवस्थापकलाई थाहा छ भनी जिम्मेवारीबाट पन्छिन खोज्ने गरेको देखिन्छ भने केहीले जिम्मेवारीबाट अलग गराइ पाउँ भनि विभागमा आउने गरेको पाइन्छ।’सहकारी संघसंस्थाहरु सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र सम्पूर्ण सेयर सदस्य समेतको सामूहिक जिम्मेवारीमा रहने संस्था भएको रहेको भन्दै सञ्चालकहरुले अध्यक्ष र व्यवस्थापकलाई जिम्मेवारी पन्छाएर उम्किन खोज्नु गलत भएको बताएको छ । ‘प्रत्येक सञ्चालक सदस्यले अध्यक्ष वा व्यवस्थापक वा अमुक व्यक्तिलाई जिम्मेवारी पन्छाएर आफू अलग रहन नपाउने भएकोले प्रत्येक सञ्चालक सदस्यले संस्थाको हरेक क्रियाकलापमा चासो राखी संस्थाको र सदस्यको बृहत्तर हितमा केन्द्रित रहनुपर्छ’ निर्देशनमा भनिएको छ । संस्थालाई बलियो बनाउन सामूहिक प्रतिबद्धताका साथ कार्यसम्पादन गराउन विभागले निर्देशन दिएको छ ।

# निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजना पारित, ३ तहको सुरक्षा घेरा बनाउने निर्णय

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २६ भाद्र



प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गृह मन्त्रालयले तयार गरेको एकीकृत सुरक्षा योजना पारित भएको छ। आइतबार गृहमन्त्री बालकृष्ण खाणको नेतृत्वमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले सो योजना पारित गरेको गृह प्रवक्ता (सहसचिव) फणिन्द्रमणी पोखरेलले रातोपाटीलाई बताए । ‘एकीकृत प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन विशेष सुरक्षा योजना’ पारित भएको छ’ पोखरेलले भने-‘३ तहमा सुरक्षा घेरा बनाउने निर्णय गरिएको छ, सुरक्षाकर्मीको संख्या यकिन हुन बाँकी छ ।’ निर्वाचन आयोगले निर्धारण गर्ने मतदान केन्द्रको आधारमा चुनावमा परिचालन गर्ने सुरक्षाकर्मीको संख्या यकिन गरिने सह-सचिव पोखरेलले जानकारी दिए। निर्वाचन सुरक्षाको पहिलो घेरामा प्रहरी, दोस्रोमा सशस्त्र र तेस्रो घेरामा सेना खटाउने निर्णय गरिएको छ। सेना परिचालनका लागि मन्त्रिपरिषद्ले राष्ट्रपतिलाई आग्रह गर्नुपर्छ । त्यस्तै, बेमौसमी विपद् आएको विश्लेषण गरेर केन्द्रीय सुरक्षा समितीले आ-आफ्नो निकायबाट प्रभावकारी प्रतिकार्य गर्न निर्देशन दिएको छ। दार्चुलामा शुक्रबार र ति गएको बाढी पहिरोमा परि घाइते र विस्थापित भएकाहरुलाई उद्धार, राहत र पुन:स्थापना यथाशक्य गर्ने निर्णय बैठकले गरेको छ । सोमबारबाट नेपाल भ्रमणमा आउन लागेका जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेस स्थायी समिति अध्यक्ष लि झानसुको सुरक्षा मजबुद बनाउने निर्णय गरिएको छ । सुरक्षा प्रमुखहरुले भ्रमणको सुरक्षा तयारीबारे बैठकमा जानकारी गराएका थिए। बैठकमा गृहसचिव टेकनारायण पाण्डे, रक्षासचिव किरणराज शर्मा, नेपाली सेनाका रथी बालकृष्ण कार्की, नेपाल प्रहरीका महानिरीक्षक धिरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका निमित्त महानिरीक्षक नारायणदत्त पौडेल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुलाल खरेल र सह-सचिव पोखरेल सहभागी थिए ।





कामनी ब्यूटी पार्लर



यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर ,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# भुइँको टिप्न खोज्दा पोल्टाबाट खसेको नेपाली कृषि

**–उद्धव अधिकारी**

नेपालमा योजनाबद्ध विकासको सुरुवात भएको वि.सं. २०१३ देखि हो। प्रथम पञ्चवर्षीय योजना (२०१३–२०१८) मा नै चारवटा उद्देश्यमध्ये उत्पादन वृद्धि गर्ने र रोजगारको अवसर जुटाउने कुरा पहिलो नम्बरमा उल्लेख गरेको पाइन्छ। त्यस अवधिमा देशको कुल जनसंख्या १ करोड पनि पुगेको थिएन। वि.सं. २०१८ मा लिइएको छैटौं जनगणनाको तथ्याङ्क अनुसार कुल जनसंख्या ९४ लाख १२ हजार ९९६ मात्रै थियो। जसमध्ये ९७ प्रतिशत मानिसको पेशा कृषि थियो। अपवादलाई छोड्ने हो भने उनीहरू स्वरोजगार र आत्मनिर्भर दुवै थिए। जतिखेर नेपालको कुल क्षेत्रफलमध्ये कृषियोग्य जमिन २० प्रतिशत मात्र थियो। मल, बीउ, प्रविधि, जनशक्ति र प्रणाली पनि आफ्नै थियो। समग्रमा गाँस, बास र कपासमा देश पूर्णतया आत्मनिर्भर थियो। यतिखेर हामी पन्ध्रौं योजना (२०७६-७७/२०८०-८१) को अवधिमा छौं। यो आवधिक योजनाले पनि नेपालको कृषि विकास व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकीकरणमार्फत उत्पादन वृद्धि गर्ने कुरा नै उल्लेख गरेको छ। जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९२ लाख ९२ हजार छ। पछिल्लो तथ्यांक अनुसार ६० प्रतिशतलाई आधार मानेर हेर्दा १ करोड ७५ लाख किसानमध्ये ६६ वर्षपछि पनि जम्मा ८४ लाख किसान मात्र थपिएका छन्। अर्थात् जनसंख्याको आधारमा ३० प्रतिशत किसान घटेको देखिन्छ। ती अधिकांश नेपाली किसान नै हुन्, जो विदेशी भूमिमा पसिना बगाइरहेका छन्। २०६८ को तथ्याङ्क अनुसार कृषि योग्य जमिन वृद्धि भएर ४१ लाख २१ हजार हेक्टर पुगेको छ। यद्यपि गएको दशकमा खेतीयोग्य जमिनलाई व्यापक रूपमा घडेरीकरण गरिएको छ। जसको यकिन तथ्यांक आएको छैन। तर आजको अवस्था फरक छ। सरकारले लिएको नीति अनुसार उत्पादन बढाउने नाममा मल, बीउ विषादी, हर्मोन यन्त्र उपकरण र प्रविधिहरूको आयातले किसानको उत्पादन लागत झनै बढाएको छ। जसका कारण विभिन्न समयमा गरिएका सम्झौतामा टेकेर भित्रने अन्तर्राष्ट्रिय व्यावसायिक कृषि उपजहरूसँग नेपाली किसानले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। फलस्वरूप कृषि प्रधान मुलुकको परिचय आयात प्रधानमा रूपान्तरण भएको छ। योजनाबद्ध विकासको सुरुवात भएको साढे ६ दशक पछि आएर कृषिमा आधारित नागरिकका आधारभूत आवश्यकता गाँस, बास, कपास सँगसँगै सिंगो देशको अर्थतन्त्र नै धरासायी अवस्थामा पुगेको छ। अघिल्लो आर्थिक वर्षमा १७ खर्ब ३४ अर्ब ऋण रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा झण्डै ३ खर्बले बढेर २० खर्ब ११ अर्ब ५८ करोड पुगेको छ। २ करोड ९१ लाख ९२ हजार ४८० नेपालीलाई भाग लगाउँदा एउटा नेपालीको थाप्लोमा ६८ हजार ९०७ ऋणभार छ र अझै यो बढ्ने क्रम जारी छ। आर्थिक वर्ष २०७७/७८ मा १५ खर्ब ३९ अर्ब मूल्य बराबरको वस्तु आयात भएकोमा आव २०७८/७९ मा बढेर १९ खर्ब २० अर्ब ४४ करोड पुगेको छ। जुन बढ्ने क्रम अझै जारी छ। जबकि यस अवधिमा हाम्रो निर्यात २ खर्ब ३ करोड मात्रै छ। १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट भएको मुलुकमा १७ खर्ब २० अर्ब व्यापार घाटा हुनु भनेको राष्ट्र नै असफलतातर्फ उन्मुख हुनु हो। विकसित देशहरूमा जस्तो अत्यधिक भूमि, ऊर्जा र रसायनमा आधारित कृषिका मोडलहरू हामी धान्न सक्दैनौं। विकसित मुलुकबाट पीएचडी गरेर फर्किएका डाक्टरहरूले बनाएको अर्थनीति नै त्रुटिपूर्ण छ। एकातिर आधुनिकीकरणमार्फत वृद्धिदरको तथ्याङ्कमा टेकेर मिथ्याङ्कमा रमाउने र अर्कोतर्फ देशको बजेटभन्दा बढी ऋणमा देशलाई फसाउने जुन नीति लिइयो यो नै देशको लागि दुर्भाग्यपूर्ण भयो। वृद्धि दर होइन देशमा रोजगारीको सिर्जना गर्नुपर्यो। विदेशमा भएका युवा शक्तिलाई स्वदेशमा रोजगारीको वातावरण सिर्जना गरेर नेपाल निर्माणमा फर्काउनुपर्यो। नेपालको सन्दर्भमा कृषि केन्द्रित उद्योग र योजनाहरूबाट मात्र रोजगारको दीर्घकालीन समस्याको समाधान गर्न सकिन्छ। जनशक्तिलाई निर्यात गरेर रेमिट्यान्सले देश चलाउने कुरा 'पिसाबको न्यानो' मात्रै हो। २०४२ सालदेखि औपचारिक रूपमा वैदेशिक रोजगारीमा जाने प्रचलनमा सुरु भएको भएतापनि वि.सं. २०५० देखिको मात्र तथ्याङ्क पाइन्छ। वैदेशिक रोजगार ऐन २०६५ बनेपछि विश्वका १७२ मुलुकमा श्रम स्वीकृति दिने व्यवस्था छ। नेपालमा विशेषगरी प्रजातान्त्रिक व्यवस्था लागू भएपछि भएका उद्योगधन्दाहरू बन्द हुने र वैदेशिक रोजगारले तीव्रता पाएको देखिन्छ। आव २०७६/७७ मा ३ लाख ६५ हजार ४३३ जना वैदेशिक रोजगारीमा जाँदा देशको आर्थिक अवस्था ठिकठिकै थियो। आव २०७७/७८ मा उक्त संख्या घटेर १ लाख ६६ हजार ६९८ मा झरेपछि झण्डै मृत्यु शय्यामा पुगेको देशको अर्थतन्त्र आव २०७८/७९ मा ६ लाख ३१ हजार २९० अर्थात् दैनिक १७ सय २९ किसानी पृष्ठभूमि भएका नवजवानहरूले साउदी कतार, मलेसियालगायतका मुलुकमा पसिना बगाउन थालेपछि केही बौरिए झैं भएको छ। वैदेशिक रोजगार घटाउने नाममा आएको कर्मकाण्डी आन्तरिक रोजगार प्रवर्धन कार्यक्रम अर्थात् प्रधानमन्त्री रोजगार कार्यक्रमले गएको ३ वर्ष (२०७६/७९) मा ३७ अर्बभन्दा बढी रकम खर्च गरिसकेको छ जसको परिणाम तपाईं हामीले देखिरहेका छौं। सरकार मानसिक सन्तुलन गुमाएको बटुवा जस्तै छ। उसका आवधिक योजना, नीति, रणनीति, कार्यक्रमका लक्ष्य र प्रगति प्रतिवेदनहरूलाई सूक्ष्म तरिकाले नियाल्ने हो भने हाम्रो देश कृषि उत्पादनमा आत्मनिर्भर मात्रै होइन दशकौं अघि नै कृषि उपज निर्यातमार्फत देश समृद्धिको शिखरमा पुगिसकेको अवस्था देखिन्छ। सरकार स्वयंले तोकेका हरेक लक्ष्यहरूले घाम जत्तिकै छर्लङ्ग हुने गरी प्रत्युत्पादक परिणामहरू दिइरहँदा पनि गन्तव्यहीन नीतिगत एवं कार्यक्रमगत यात्रा आजपर्यन्त जारी छ। सरकार आगामी यति वर्षमा अमूक बाली तथा वस्तुहरूको उत्पादन वृद्धि गरी दोब्बर बनाउने प्रक्षेपण गर्छ तर परिणाम ठिक विपरित आउँछ। बरू उसले नगरेको प्रक्षेपणमा भने तिनै उत्पादन दोब्बर गर्ने भनिएका बाली तथा वस्तुहरूको आयातमा अकल्पनीय वृद्धि हुन्छ। यसो हुनुमा केही बहानाबाजीहरू त होलान् तर नैतिक रूपमा जनतासामु उभिएर त्यसको जवाफ दिइरहन कसैले जरूरी देख्दैनन्। कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुर्याउँछु भनेर राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा गरिन्छ तर तोकिएको अवधिभन्दा दोब्बर र विनियोजन भएको रकमभन्दा तेब्बर रकम पुग्दासम्म खेतमा पानी पुग्ने त कता हो कता हो पूर्वाधार निर्माणको ६०/७० प्रतिशत पनि काम सकिंदैन। कहिले वैज्ञानिक भूमिसुधार त कहिले क्रान्तिकारी भूमिसुधार भनेर संविधान लगायतका कानुनी दस्तावेजहरूमा लेखिन्छ तर आज पनि हरवाचरवा, हली गोठाला, मुक्त कमैया, कमलरीलगायत लाखौं नागरिकहरूसँग आफ्नो स्वामित्वमा एक टुक्रा जमिन पनि छैन जबकि उनीहरूको पुस्तौंदेखिको पेशा कृषि नै हो। राजाको पालामा भएको भूमिसुधारको कार्यान्वयन गणतान्त्रिक व्यवस्थामा पनि हुन नसक्दा ५ लाख मोहीको अवस्था जहाँको त्यहीं छ। राजनीतिक पार्टीहरू स्वयंले घोषणापत्रमा पटकपटक कबुल गरेका समस्याको समाधान होइन मुद्दा जोगाएर राजनीति गर्न चाहन्छन्। १७ खर्ब ९३ अर्ब ८३ करोड बजेट भएको मुलुकमा १७ खर्ब २० अर्ब व्यापार घाटा हुनु भनेको राष्ट्र नै असफलतातर्फ उन्मुख हुनु हो। सरकार किसानमार्फत बाँझो जमिनलाई कसरी हराभरा बनाउने योजना होइन जमिन बाझो छोड्नेलाई जरिवाना तिराउने बेतुकको कानुन बनाउँछ। उत्पादक शक्तिको घट्दो मनोबललाई माथि उठाउने कुरा गर्दैन। युवालाई उत्पादनमा जोड्ने प्रभावकारी योजना ल्याउँदैन। कृत्रिम रसायनले मरणासन्न माटो जोगाउने, बचाउने योजना ल्याउँदैन। राज्य खानपान र आहार विहारका कारण नसर्ने रोगले थिलथिलिएको आम नेपालीको जनस्वास्थ्यको बारेमा चिन्ता लिंदैन। बरू विषयको उठान गर्नुपर्ने राज्य संचालकहरूकै प्रत्यक्ष-परोक्ष संलग्नतामा अन्नपात उत्पादन गरेर जन-जनको पेट भर्नुपर्ने खेतीपातीलाई बिक्रीको माल बनाउने कुरामा सबैको एकमत हुन्छ। देश बनाउनुपर्ने दलहरू युवा शक्तिलाई उत्पादनमूलक क्षेत्रमा लगाउनु भन्दा उत्पादनमा संलग्नहरूलाई पनि कसरी आफ्नो कार्यकर्तामा दरपिठ गर्न सकिन्छ भनेर जाल बुन्नमा नै तल्लीन छन्। किसानलाई राज्यले करदाता र दलहरूले मतदाताको रूपमा मात्र प्रयोग गरिरहेका छन्। यतिखेर गाउँ-गाउँसम्म बाटो पुगेको छ। बाटोलाई देश विकासको मेरूदण्ड पनि मानिन्छ तर ती बाटाहरूमार्फत हुने आर्थिक गतिविधिबाट देशले होइन, विदेशी कम्पनीले फाइदा उठाइरहेका छन्। हाम्रो रगत-पसिनाले बनेको बाटोबाट देशलाई फाइदा पुग्नुपर्थ्यो। तर आज ती बाटाहरू देशको वार्षिक बजेट बराबरको विदेशी सामग्रीहरू उपभोक्ताका घर-घरमा पुर्याउने माध्यम बनेका छन्। गाउँनै गाउँले भरिएको देशमा गाउँमा पैसा नपुर्याएसम्म देश विकास हुँदैन। दुर्भाग्य युवाहरूले मरूभूमिबाट दुःख गरेर कमाएको पैसा पनि सोही बाटोबाट सामान बेच्न आउनेहरूलाई नै गाडी चढाएर विदेशतिरै फिर्ता गरिरहेका छौं। हो, प्रविधि निर्माणमा हामी पछाडि छौं होला। गरिब देशले ठूला ठूला यन्त्र उपकरणहरू निर्माण गर्न सकेन होला। तर गेडो खसेको ठाउँमा मानो र मानो रोपेको ठाउँमा मुरी फल्ने मुलुकमा कृषि विकासको नाममा आयातित भष्मासुर नीति अख्तियार गर्दा देशले यो दुर्गति भोग्नुपरेको जगजाहेर छ। तर हाम्रा भूपू र वर्तमान मुखियाहरूलाई विदेशीको बुई चढेर ल्याइएको कृषि विकासको नीतिगत यात्राले हामीलाई यहाँ ल्याइपुर्याएको हो भन्नेकुरा स्वीकार गर्न किन लगाइरहेका छन् ? यथार्थ यही हो कि नेपालले दशकौंदेखि अवलम्बन गर्दै आएको कृषि विकासको मोडलले दिएको परिणाम प्रत्युत्पादक पथमा नै थियो। जसको साक्षी समय-समयमा सार्वजनिक हुने गरेका विभिन्न ऋणात्मक तथ्याङ्कहरू नै हुन्। उदाहरणका लागि २०६८ सालमा कृषिजन्य उपजको आयात लगभग १ खर्ब थियो जुन वार्षिक रूपमा वृद्धि हुँदै २०७८ सालसम्म आइपुग्दा उक्त अंक बढेर चौबर पुगेको छ। खेतीयोग्य जमिनलाई कंक्रिटको जंगलमा रूपान्तरण गर्ने, मल, बीउ प्रविधि विदेशीलाई जिम्मा लगाउने, युवाहरूलाई विदेश निर्यात गर्ने र तिनैका पसिनाले गुन्द्रुकदेखि चामलसम्म किनेर खाने अवस्थामा पुग्दैगर्दा हाम्रो लागि एउटा नेपाली उखान निकै मिल्दोजुल्दो भएको छ- नाम भने सुब्बिनी के खाएर उभिनी !' कृषिप्रधान मुलुक भोलिको दिनमा विदेशीले खानेकुरा नबेचेको अवस्थामा भोकै मर्नुको विकल्प नहुने अवस्थामा पुग्नु चानचुने कुरा होइन। तर जसलाई यो भयंकर लाग्नुपर्ने हो, सीमित मानिसहरूलाई आफ्नो दुनो सोभ्याउँदैको फुर्सद छैन। निर्वाचितहरूलाई खोक्रो राष्ट्रवादले सर्लक्कै निलेको छ। राष्ट्रवादको पेट भित्रबाट सायद देश दुखेको देखिंदैन पनि होला !

साभार : अनलाइनखबर





घनुषाधाम नगरपालिकाको कार्यालय,धनुषा



बलवा नगरपालिकाको कार्यालय,महोत्तरी

प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : जय दुर्गा अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक),विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday